TUTA Journal Vol. 11-12(1), 2023/2024  ISSN : 2350-8892

# भोजपुर जिल्लामा सहकारी संस्थाहरूका समस्या र समाधानका उपायहरू

**सम्झना प्रधान, शिक्षण सहायक, अर्थशास्त्र शिक्षा विभाग, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर**
Email: samjhana.pradhan77@gmail.com

**लेखसार**

समाजका विभिन्न वर्गका व्यक्तिहरूको आर्थिक, सामाजिक विकास गर्ने साझा उद्देश्य लिएर सदस्यहरूका आर्थिक सहभागितामा स्थापना गरिएको एक स्वैच्छिक तथा स्वतन्त्र संगठन नै सहकारी हो। मानव सभ्यताको सुरुवात सँगसगै सहकारिताको आरम्भ भए तापनि विश्वमा आधुनिक र सफल सहकारीको जन्म सन्  १८४४ डिसेम्बर २१ मा उत्तर बेलायतको रोचडेल सहरबाट भएको हो।  वेलायतको रोचडेल सहरमा रहेको एउटा कपडा कारखानामा कपडा बुन्ने २८ जना कामदारहरूले स्थापना गरेको 'रोचडेल इक्विटेवल पायोनियर्स सोसाइटी' नामको सहकारी संस्था नै विश्वको पहिलो सफल सहकारी संस्था हो। नेपालमा वि.सं. २००८ सालमा भोजपुरको टक्सारबाट अनौपचारिक रुपमा सहकारी संस्थाहरू स्थापना गरि सञ्चालन गरिए पनि २०१३ साल चैत्र २० गते संस्था दर्ता गरी औपचारिक रुपमा सहकारीको शुरुवात भएको हो। चितवन जिल्लाको वखानपुरमा बखानसिंह गुरुङ्गको सक्रियतामा स्थापना भएको 'वखान ऋण सहकारी समिति' नै नेपालमा सरकारी कार्यालयमा दर्ता गरिएको पहिलो सहकारी संस्था हो। २०७४ आषाढ मसान्तसम्म नेपालमा ३५५१२ वटा संस्थाहरू दर्ता भएका छन् र भोजपुर जिल्लामा १७५ वटा विभिन्न प्रकृतिका सहकारी संस्थाहरू, २ वटा विषयगत संघ र १ वटा जिल्ला सहकारी संघ छन्। यी सहकारी संस्थाहरूको गतिविधिले आर्थिक तथा सामाजिक सशक्तीकरणमा योगदान पुऱ्याएको छ। भोजपुका सहकारी क्षेत्रमा केही समस्याहरू छन् यसलाई निराकरण गर्न यस क्षेत्रको संरक्षण, सम्बद्र्धन, नियमन र अनुगमन गर्ने कार्यको जिम्मेवारी पाएको स्थानीय सरकारले आवश्यक निति तथा बजेट निर्माण गरी कार्यान्वयन गर्नुपर्ने विषयमा विमर्श भएको छ।

*प्रमुख शब्दावली* : सहकारी, सहकारी संस्था, सहकारी संघ, वचत, ऋण, पूँजी व्यवस्थापन, समुदाय

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८०/०८/१२, लेख पुनरावलोकन मिति : २०८०/१२/१५, लेख स्वीकृत मिति : २०८१/०३/२५ । प्रकाशक : त्रि वि प्राध्यापक संघ, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, एकाइ समिति।

## विषयपरिचय

सहकार्य शब्दबाट सहकारी शब्द बनेको हो। 'सह' र 'कार्य' दुई शब्दहरूको योगबाट बनेको शब्द हो सहकार्य। जसमा सह शब्दको अर्थ 'सँगसँगै' र कार्यको अर्थ  'काम' हुन्छ। यसरी हेर्दा सँगसँगै मिलेर काम गर्नुलाई सहकारी भनिन्छ। अग्रेजी भाषाको cooperative शब्दको नेपाली रुपान्तरण सहकारी हुन्छ। cooperative ल्याटिन भाषाको co-operative शब्दबाट लिइएको  हो जसको अर्थ हुन्छ सामूहिक रुपमा काम गर्नु (शर्मा, २०६९ पृ २)। यसर्थ सहकारी भन्नाले व्यक्ति व्यक्तिहरू एक आपसमा मिलेर गरिने कामलाई जनाउदछ। मानव सभ्यताको शुरुवातदेखि नै सहकारी भावनाको विकास भएको पाइन्छ। नेपाली समाजमा खेतीपाती गर्दा मेलापात जाने, पर्म लगाउने, विवाह कार्यमा जन्ती जाने, मर्दा मलामी जाने , त्यसैगरी अन्य सामाजिक तथा सांस्कृतिक काममा एकले अर्कोलाई सघाउने परम्परा अझै पनि जिवित नै छ। यी सवै सहकार्यका उदाहरणहरू हुन्। त्यस्तै परम्परागत रुपमा चलिआएको धर्म भकारी, गुठी, ढिकुटी, रोदी, मङ्का गुठी  आदि पनि सहकारीका प्रारम्भिक स्वरुपहरू हुन्। समाज, धर्म, परम्परा, आदि अनुसार सञ्चालन गरिने यस्ता परम्पराहरू सामूहिक क्रियाकलाप, पारस्परिक सहयोग र संयुक्त व्यवस्थापनमा आधारित अनौपचारिक संगठन थिए।

आधुनिक सहकारी अवधारणा अनुसार समाजका समान उद्धेश्य भएका विभिन्न वर्गका व्यक्तिहरूको आर्थिक सहभागीता सहित औपचारिक रुपमा स्थापना गरिएको स्वयात्त, स्वैच्छिक तथा व्यवसायिक संगठन हो। सहकारी केहो भन्ने बारे विभिन्न परिभाषाहरू पाइन्छ। अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार 'सहकारी संस्था भनेको सीमित साधन र स्रोत भएका व्यक्तिहरूले स्वेच्छापूर्वक सँगठित भएर आफ्ना सामूहिक आर्थिक उद्धेश्य प्राप्त गर्नका लागि समान रुपमा आर्थिक सहभागिता जनाएर, नाफा तथा घाटा पनि समान रुपमा व्यहोर्ने गरी प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यावसायिक संगठन हो। अन्तर्राष्ट्रिय सहकारी महासंघले दिएको परिभाषा अनुसार 'सहकारी संस्था संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षाहरू परिपूर्ति गर्न स्वेच्छिक रुपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त व्यवसायिक संगठन हो (नेपाल, २०६८ पृ १) ।समुदायका विभिन्न वर्गहरूको सहभागितामा गठित स्वनियम र स्व–इच्छाले सञ्चालन र व्यवस्थापन गरिएको व्यवसायिक संगठन नै सहकारी हो जसले सदस्यहरूको सामाजिक आर्थिक रुपान्तरणमा महत्त्वपूर्ण योगदान गर्दछ। समुदायको विभिन्न वर्गहरूलाई विना भेदभाव सँगठित गराई सवैको समान सहभागिता र प्रजातात्रिक नियन्त्रण प्रणालीमा सञ्चालन गरिने संगठन नै सहकारी हो। सहकारी संस्थाको कुशल व्यवस्थापन र सञ्चालन मार्फत समुदायको विभिन्न वर्गको सामाजिक, आर्थिक सशक्तीरण गर्न सकिन्छ।

मानव सभ्यताको शुरुवात सँगसंगै सहकारीताको शुरुवात भएको पाइन्छ । तर औपचारिक रुपमा सहकारीको सुरुवात भने वेलायतबाट भएको हो । अठारौं शताब्दीमा वेलायतमा भएको औद्योगिक क्रान्तिको कारण ठूला ठूला उद्योगहरू स्थापना भएकोले साना ग्रामीण घरेलु उद्योगहरू ठूला उद्योगसँग प्रतिस्पर्धा गर्न नसकेर विस्थापित भए । वेरोजगारीको संख्या बढ्न थाल्यो । रोजगारी खोज्न ग्रामीण क्षेत्रबाट मानिसहरू सहर पसेर उद्योगमा काम गर्न थाले । उद्योगपतिहरूले आफ्ना उद्योगमा काम गर्ने श्रमिकहरूको चरम शोषण गरे। कम पारिश्रमिकमा बढि समय काम लगाएर प्रशस्त मुनाफा आर्जन गरे। न्यून ज्यालाको कारण आफूले पाएको पारिश्रमिकले उनीहरूको परिवारमा खान र घरको अन्य खर्च धान्न नै नपुग्ने स्थिति भयो। यसरी कम पारिश्रमिक, बढि काम, अस्वस्थ्य वातावरण आदि कारणले धैरै मजदुरहरू विरामी परे, कोही दुर्घटनामा परी मरे। यसरी पूँजीपति र उद्योगपतिको चरम शोषणबाट पीडित वेलायतका मजदूरहरूले आफ्ना हकहित तथा गरिबीबाट मुक्त र रोजगार प्राप्त गर्न एकआपसमा संगठन बनाउन थाले। सन् १८४४ डिसेम्बर २१ मा रोचडेल सहरका कपडा कारखानाका २८ जना श्रमिकहरू मिलेर १/१ पाउण्ड संकलन गरी जम्मा २८ पाउण्ड रकम जम्मा गरी मैत्री समाज ऐन (Friendly society act) अन्तर्गत Rochdale equitable pioneers society को नामबाट संयुक्त रुपमा उपभोग्य सामाग्रीको पसल सञ्चालन गर्ने र उचित मूल्यमा बिक्री गर्ने निर्णय गरी उपभोक्ता बिक्री भण्डार खोले। शुरुमा चिनी , पिठो, अन्न र वटर यी चारवटा सामानहरू बिक्री गरी सुरुवात गरिएको यो व्यवसाय नै विश्वको पहिलो आधुनिक सफल सहकारी हो ( नेपाल, २०६८ पृष्ठ २२–२३ )।

नेपालमा वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछि भोजपुर जिल्लाको टक्सार (साविक टक्सार गा.वि.स. हाल भोजपुर नगरपालिका वडा नं १२ ) मा विभिन्न संघ संस्थाहरू गठन गर्ने प्रयास गरिएको पाइन्छ। यसै क्रममा वि.सं २००८ सालमा सर्वप्रथम रणेश्वर कोअपरेटिभ सोसाइटि नामको पहिलो सहकारी व्यवसायको शुरुवात भएको थियो (उदास, २०७२ पृ १३)। दान बहादुर कार्की, बासुदेव ताम्राकार, दान बहादुर शाक्य लगाएतका व्यक्तिहरूको सक्रियतामा खाडीको कपडा बुन्ने घरेलु उद्योग सञ्चालन गर्न उक्त सहकारी स्थापना गरिएको थियो। कपडा बुन्ने करिब १० वटा हाते तानहरू खरीद गरी खाडी कपडाहरू बुनेर स्वदेश तथा छिमेकी देश भारतसम्म बिक्री गर्ने गरिन्थ्यो। अनौपचारिक रुपमा खोलिएको यो सहकारी वि.सं. २०१० सम्म सञ्चालनमा आइ बन्द भएको थियो (ताम्राकार, २०७७ अन्तर्वार्ता)। वि.सं.२००८ मा नै भोजपुर सदरमुकामको भोजपुर बजारमा ईन्द्रप्रसाद श्रेष्ठको नेतृत्वमा सिद्धकाली बहुमुखी सहकारी संस्थाको स्थापना गरिएको

थियो। ' एक लगाउ दस पाऊ' भन्ने सिद्धान्तबाट सो सहकारी सुरुवात गरिएको थियो। उपभोग्य सामानको खरीद बिक्री गर्ने उद्धेश्यले सो सहकारी स्थापना गरिएको थियो ( मोक्तान, २०७७ अन्तर्वार्ता )। यसरी नेपालमा सहकारीको इतिहास हेर्दा २००८ तिर नै भोजपुर जिल्लामा सहकारी संस्था गठन गरी विभिन्न आर्थिक गतिविधिहरू सोही सहकारी मार्फत सञ्चालन गरिएको भएतापनि औपचारिक रुपमा कुनै पनि सरकारी अभिलेखमा दर्ता गरिएको थिएन । त्यसैले यी सहकारी संस्थाहरूलाई नेपालको पहिलो सहकारीको रुपमा लिएको पाइदैन। त्यसैले  हालसम्मको अध्ययन अनुसार २०१३ सालमा चितवन जिल्लाको बखानपुर (हाल शारदानगर) मा वि.सं. २०१३ चैत्र २० गते स्थापना गरिएको 'वखानपुर ऋण सहकारी समिति' नै जनतस्तरबाट स्थापना गरी औपचारिक रुपमा सरकारी अभिलेखमा दर्ता नं. १ मा दर्ता गरिएको नेपालको पहिलो सहकारी संस्था हो। यही मितिलाई आधार मानेर नेपालमा हरेक साल  चैत्र २० गते राष्ट्रिय सहकारी दिवस मनाइदै आएको छ। वि.सं. २०११ सालमा राप्तीदुन क्षेत्रका धेरै व्यक्तिहरू बाढी पीडित भइ घरबार विहीन भएका थिए।  यस्ता घरवार विहिन व्यक्तिहरूलाई चितवनमा जंगल फडानी गरी बसोबास गराईएको थियो। बाढी पीडितहरूलाई बसोबास गराउन  'राप्तीदुन विकास आयोजना' सञ्चालन भयो। उनीहरूलाई कृषि कार्यको लागि शुलभ रुपमा कृषि ऋण उपलब्ध गराउन बखानसिंहं गुरुङ्गको सक्रियतामा 'वखानपुर ऋण सहकारी समिति'को स्थापना गरियो। यसरी नेपालमा सहकारी संस्था स्थापना गर्न अगुवाइ गर्ने प्रथम व्यक्ति वखान सिंह गुरुङ्ग भएकोले उनलाई नेपालमा सहकारीका जन्मदाता भनिन्छ र यहि संस्था स्थापना गरेको दिन राष्ट्रिय सहकारी दिवस मनाउने गरिन्छ। यस संस्थाले कृषकहरूलाई आवश्यक पर्ने मल, वीऊ तथा कृषि औजार खरीद गरी वितरण गरेको थियो । वि.सं. २०६३ सालबाट यस सहकारी संस्थाको नाम परिवर्तन गरी 'वखान बहुउद्धेश्यीय सहकारी संस्था लि.' राखिएको छ (प्रधान, २०७४, पृ १०२)। यसरी नेपालमा वि.सं. २०१३ सालमा नै सहकारी संस्थाको दर्ता प्रक्रियापुरा गरी सहकारी सञ्चालन गरिएको भएता पनि वि.सं. २०४६ सालसम्म सहकारी गतिविधि न्युन रुपमा नै रहेको पाइन्छ।  सहकारीलाई कहिले स्वतन्त्र र कहिले सरकारी नियन्त्रणमा राखिएकोले यसको विकासमा अपेक्षाकृत सफलता हासिल हुनसकेन। २०४६ सालको राजनीतिक परिवर्तन पश्चात् २०४८ सालमा सहकारी ऐन र २०४९ सालमा सहकारी नियमावली पारित भयो। यसपछाडि जनस्तरमा देशभर सहकारी संघ/संस्था स्थापना हुने क्रमले निकै तिब्रता पायो। २०७४ आषाढ मसान्तसम्मको तथ्याङ्क अनुसार नेपालमा विभिन्न प्रकृतिका जम्मा ३५५१२ वटा सहकारी संस्थाहरू रहेका छन् ( सहकारी विभाग, २०७४)। डिभिजन सहकारी कार्यालय धनकुटा भोजपुर जिल्लामा २०७४ आषाढ मसान्तसम्म जम्मा १७५ वटा विभिन्न प्रकृतिका सहकारी संस्थाहरू दर्ता भएका छन् जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १. विषयगत आधारमा भोजपुर जिल्लामा सहकारी संस्थाहरूको विवरण

| क्र.सं. | सहकारी संस्थाको प्रकृति | सहकारी संस्थाको संख्या |
|---|---|---|
| १. | वचत तथा ऋण सहकारी संस्था | ९० |
| २. | बहुउद्धेश्यीय सहकारी संस्था | ३६ |
| ३. | संचार सहकारी संस्था | २ |
| ४. | कृषि सहकारी संस्था | ४० |
| ५. | विद्युत सहकारी संस्था | ५ |
| ६. | चिया कफि सहकारी संस्था | १ |
| ७. | दुग्ध सहकारी संस्था | १ |
| ८. | उपभोक्ता सहकारी संस्था | १ |
| | जम्मा | १७५ |

स्रोत : डिभिजन सहकारी कार्यालय धनकुटा २०७४

**समस्याकथन र उद्देश्य**

भोजपुर जिल्लामा विभिन्न प्रकृतिका जम्मा १७५ वटा सहकारी संस्थाहरू रहेका छन् । हाल ती सहकारी संस्थाहरू कुनै सक्रिय रुपमा कारोवार गरिरहेका छन् भने कुनै कारोवार गर्न नसकी बन्द रहेको अवस्थामा पनि छ । प्रस्तुत अध्ययनमा यी सहकारी संस्थाहरूका वास्तविक अवस्थाको अध्ययन गरी प्रमुख समस्याहरू के के रहेका छन् सो को विश्लेषण गरिनेछ । यसको साथै यी समस्याहरू समाधानका उपायहरूको विश्लेषण गर्नु नै प्रमुख समस्याको रुपमा लिएको छ । भोजपुर जिल्लाका सहकारी संस्थाहरूको प्रमुख समस्याहरू र तिनको समस्या समाधानका उपायहरूको विश्लेषण गर्नु नै यस अध्ययनका उद्धेश्य रहेका छन् ।

## अध्ययनविधि

प्रस्तुत लेख व्याख्यात्मक तथा विश्लेषणात्मक विधि प्रयोग गरी तयार पारिएको छ । यस अध्ययनमा प्राथमिक र सहायक दुवै किसिमका तथ्याङ्क संकलन गरी प्रयोग गरिएको छ । सहकारी संस्थाहरूको संख्या तथा सहकारीसँग सम्बन्धित अन्य जानकारीहरूको लागि सहकारी विभाग, डिभिजन सहकारी कार्यालयको रिपोर्ट तथा सहकारीसँग सम्बन्धित विभिन्न पुस्तक तथा लेखरचनाहरूको प्रयोग गरिएको छ । त्यसै गरी सहकारीसँग सम्बन्धित समस्याहरू तथा समाधानका उपायहरूको विश्षणको लागि प्राथमिक तथ्याङ्कको प्रयोग गरिएको छ । जसको लागि भोजपुर जिल्लाका ९ वटै स्थानीय तहहरूमा रहेका विभिन्न विषयगत सहकारी संस्थाहरू उद्धेश्यमुलक नमुना छनौट विधिका आधारमा छनौट गरी ती सहकारी संस्थाका पदाधिकारीहरू, जिल्ला संघ तथा वचत ऋण सहकारी संघका पदाधिकारीहरू, स्थानीय तहका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूसँग प्रत्यक्ष भेटघाट गरी अध्ययनको विषयवस्तुसँग छलफल गरिएको छ । सोही छलफलको आधारमा यस अध्ययनका लागि आवश्यक कुरा टिपोट गरी विश्लेषण गरिएको छ ।

**अध्ययनको सीमाङ्कन**

प्रस्तुत अध्ययन भोजपुर जिल्लाका सहकारी ९ वटै स्थानीय तहका सहकारीहरूलाई उद्धेश्यमुलक नमुना छनौट विधिका आधारमा छनौट गरी ती संस्थाका पदाधिकारी तथा स्थानीय संस्थाहरूका पदाधिकारी, जिल्ला सहकारी संघका पदाधिकारीहरू तथा स्थानीइ तहका जनप्रतिनिधिहरूसग छलफल प्रमुख समस्याहरू र समाधानका उपायहरूको बारेमा मात्र विश्लेषण गरिएको छ । भोजपुरका सहकारी संस्थाहरूले गरेका विभिन्न गतिविधिहरूको बारेमा यस लेखमा उल्लेख गरिएको छैन ।

**प्राप्ति र छलफल**

भोजपुर जिल्लामा २ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी जम्मा ९ वटा स्थानीय तहहरू छन् । ती स्थानीय तहहरूमा विभिन्न विषयका सहकारी संस्थाहरू दर्ता भएका छन् । ९ वटै स्थानीय तहमा रहेको सहकारी संस्थाहरूको विवरण निम्नानुसार छन् ।

| क्र.सं. | स्थानीय तहको नाम | सहकारी संस्थाको प्रकृति | सहकारीको सङ्ख्या |
|---|---|---|---|
| १. | भोजपुर नगरपालिका | बचत तथा ऋण | २४ |
| | | कृषि | ७ |
| | | बहुउद्देश्यीय | १० |
| | | विद्युत | १ |
| | | सूचना तथा सञ्चार | २ |

| | | | |
|---|---|---|---|
| | | चिया तथा कफी | १ |
| | | उपभोक्ता | १ |
| | | जम्मा | ४६ |
| २. | षडानन्द नगरपालिका | बचत तथा ऋण | ८ |
| | | कृषि | ४ |
| | | बहुउद्देश्यीय | ६ |
| | | विद्युत | १ |
| | | जम्मा | १९ |
| ३. | साल्पासिलिछो गाउँपालिका | बचत तथा ऋण | २ |
| | | कृषि | २ |
| | | बहुउद्देश्यीय | २ |
| | | जम्मा | ६ |
| ४. | अरुण गाउँपालिका | बचत तथा ऋण | १२ |
| | | कृषि | ६ |
| | | बहुउद्देश्यीय | ४ |
| | | जम्मा | २२ |
| ५. | पौवादुङ्मा गाउँपालिका | बचत तथा ऋण | ११ |
| | | कृषि | ५ |
| | | बहुउद्देश्यीय | ३ |
| | | विद्युत | २ |
| | | जम्मा | २१ |
| ६. | हतुवागढी गाउँपालिका | बचत तथा ऋण | ७ |
| | | कृषि | ३ |
| | | बहुउद्देश्यीय | ३ |
| | | विद्युत | १ |
| | | जम्मा | १४ |
| ७. | रामप्रसाद गाउँपालिका | बचत तथा ऋण | ७ |
| | | कृषि | ४ |
| | | बहुउद्देश्यीय | ३ |
| | | जम्मा | १४ |
| ८. | टेम्केमैयुङ गाउँपालिका | बचत तथा ऋण | ८ |
| | | कृषि | ६ |
| | | बहुउद्देश्यीय | ४ |
| | | दुग्ध उत्पादक | १ |
| | | जम्मा | १९ |
| ९. | आमचोक गाउँपालिका | बचत तथा ऋण | १० |
| | | कृषि | ३ |
| | | बहुउद्देश्यीय | १ |
| | | जम्मा | १४ |
| | | कूल जम्मा | १७५ |

भोजपुर जिल्लामा रहेका यी सहकारी संस्थाहरू कुनै पंचायती कालमा दर्ता भएका, कुनै सहकारी संस्थाहरू विभिन्न प्रकारका वैदेशिक आयोजनाहरूले तथा कुनै सरकारी क्षेत्रबाट र कुनै गैरसरकारी संघ संस्थाहरूको पहलमा गठन भएका छन् । ग्रामीण क्षेत्रमा गठन गरिएका यी सहकारी संस्थाहरूले सरल तरिकाले उचित व्याजदरमा ऋण प्रदानगरेको छ । भोजपुर जिल्लाको दुर्गम गाऊँ वस्तीहरूमा वैक तथा वित्तिय संस्थाहरूको विस्तार भर्खरै मात्रै भइरहेको छ । विगतमा यस ठाउँका वासिन्दाहरूलाई आफ्नो गारो खाचो टार्न आवश्यक पर्ने पूँजीको प्रमुख स्रोत स्थानीय साहुमहाजन नै थिए । सामान्य आम्दानी भएका गरिव व्यक्तिहरूलाई स्थानीय साहु महाजनले ऋण नपत्याउने, अझ महिलाहरूले त यस्ता वर्गबाट ऋण लिने परिकल्पनासमेत गर्न नसक्ने स्थिति रहेको थियो । त्यस्ता स्थानीय साहुमहाजनले ऋण दिदा वार्षिक ३६ देखि ६० प्रतिशतसम्म व्याज लिने गरेका थिए । यस्तो परिस्थितिमा स्थानीय स्तरमा स्थापना गरिएको सहकारी संस्था गरिव तथा महिला वर्गका लागि आवश्यक पूँजी प्रदान गर्ने सहयोगी संगठन भएको छ जसले गर्दा यी वर्गहरूले साहुमहाजनको शरण पर्नु परेको छैन । सहकारी संस्थाको स्थापनाले सर्वसुलभ व्याजदरमा आवश्यक पर्ने व्यक्तिलाई सरल ढङ्गले ऋण लगानी गरेको छ ।

भोजपुर जिल्लाको अधिकांश सहकारी संस्थाहरूको ऋणमा व्याजदर १२ देखि १८ प्रतिशत सम्म रहेको छ । ग्रामीण क्षेत्रमा रहेका सर्वसाधारणले साहुमहाजनको चर्को व्याजदरबाट मुक्ति पाएका छन् भने सहकारी संस्थाको कारणले हाल साहु महाजनले पनि आफुले ऋण दिदा लिने व्याजदर घटाइरहेको पाइएको छ । सहकारी संस्थाको विकासले पूँजी निर्माणमा बृद्धि गरिरहेको छ । पूँजी निर्माणको प्रमुख आधार नै वचत हो । ग्रामीण क्षेत्रमा गठन गरिएका सहकारी संस्थाहरूले साना रुपमा छरिएर रहेको वचत संकलन गरी पूँजी निर्माण गर्न सहयोग गरिरहेको छ । सहकारी संस्थाको स्थापनाले स्थानीय स्तरमा गाँउ टोल मिलाएर विभिन्न जात जाति, भाषा भाषी ,वर्ग, समूहका व्यक्तिहरूलाई एउटा संगठनको छानाभित्र सँगठित गरेको छ । यसले समाजमा भएका लैगिंक, वर्गीय तथा जातिय विभेदहरूको न्यूनीकरण गरेको छ । एक व्यक्तिलाई आवश्यक परेको वेला सवै मिलेर सरसहयोग गर्ने प्रचलनमा बृद्धि भएको छ । यसले सामाजिक एकता तथा सामाजिक सद्भावको बृद्धि गरेको पाइन्छ । सहकारीले महिला सशक्तीकरण र नेतृत्व विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । महिलाहरूलाई सँगठित गर्दछ । महिलाहरूको आन्तरिक कमजोरी घटाउँछ । सामूहिक छलफल र विचारको आदान प्रदानले नेतृत्व गर्ने क्षमतामा बल पुर्‍याउदछ ( अर्याल, २०६६ पृ १६० ) । समुदायस्तरमा रहेका अन्य कुनै पनि संगठन भन्दा सहकारी संगठनमा महिलाको उपस्थिति र सहभागिता बढी रहेको तथ्य सूचनाले देखाउँछ ।

सहकारी क्षेत्रको माध्यमबाट महिला सशक्तीकरण र लैंगिक समानतका सन्दर्भमा विभिन्न रचनात्मक कार्यक्रमहरू भइरहेको छ । सहकारिताको माध्यमबाट आफ्नो साथै समुदायको विकास गर्न सकिन्छ भन्ने मान्यता एवम् आत्म विश्वास क्रमिक रुपमा महिलाहरू स्वयंमा जागृत भइरहेको तथ्य उनीहरूको क्रमिक सक्रियता र सहभागिताले पुष्टि गरेको छ ( कोइराला, २०७३, पृ ५४ ) । सहकारी संस्थामा सहभागी भई सिकेको सीप र क्षमताकले नै समुदायको अगुवाको रुपमा विकास हुदै के महिला के पुरुष स्थानीय निकायको निर्बाचनबाट नेतृत्व सम्हाल्न थालेका छन् ।ग्रामीण क्षेत्रमा स्थापना गरिएको सहकारी संस्थाले सदस्यहरूलाई आफ्नो सीप क्षमता अनुसारको व्यवसाय गर्न आवश्यक पर्ने पूजी सहुलियत व्याजदरमा सरल तरिकाले ऋण उपलब्ध गराएको छ । यस्ता व्यवसाय सञ्चालनबाट स्वरोजगार सृजना भइ व्यक्तिलाई आय आर्जन गर्न सघाउ पुग्नुका साथै जीवनस्तरमा सुधार भएको छ । भोजपुर जिल्लाका विभिन्न स्थानहरूमा सहकारी संस्थाका सदस्यहरूले संस्थाबाट ऋण सहयोग लिएर सानो पूँजीबाट सञ्चालन गर्न सकिने खुद्रा किराना पसल, चिया नास्ता पसल, स–साना फेन्सी कपडा पसल, तरकारी खेती, पशुपालन आदि जस्ता व्यवसायहरू सञ्चालन गरिरहेको पाइन्छ । जसबाट गरिवी न्यूनीकरणमा सहयोग पुर्‍याएको छ ।

**सहकारी संस्थाका समस्याहरू**

भोजपुर जिल्लामा सहकारी संस्थाको विविध गतिविधिले गर्दा आर्थिक तथा सामाजिक सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। तर यहाँ सञ्चालन भइरहेका सहकारीहरूमा संस्थागत आन्तरिक तथा नीतिगत समस्याहरू धेरै छन्। प्रमुख समस्याहरूलाई बुँदागत रुपमा तलका सन्दर्भमा उल्लेख गरिएको छ।

**संस्था तथा सदस्यहरूसँग सम्बन्धित समस्याहरू**

भोजपुर जिल्लामा सहकारी संस्था तथा सदस्यसँग सम्बन्धित समस्याहरू निम्नानुसार छन् :

**सानो पुँजी**

सदस्यहरूले जम्मा गरेका शेयर तथा वचतबाट सहकारी संस्थाहरू सञ्चालन हुन्छन्। भोजपुर जिल्लाका अधिकांश सहकारी संस्थाहरूमा रु. १००। देखि रु. १०००। सम्म शेयर तथा मासिक वचत प्रति सदस्य रु. ५०।– देखि रु. १००।– सम्म संकलन गरिदै आएको छ। ती संकलित पूँजीबाट आफ्ना सदस्यहरूलाई आवश्यक परेको बेलामा पर्याप्त ऋण सुबिधा प्रदान तथा अन्य व्यवसायहरू गर्न सकिरहेको छैन। त्यसैगरी पर्याप्त पुँजी नभएको कारण सदस्यहरूलाई आवश्यक पर्ने सहकारी शिक्षा लगायत अन्य तालिमहरू समेत प्रदान गर्न सकिरहेको छैन।

**व्यवस्थित कार्यालय नहुनु**

यहाँका सबैजसो सहकारी संस्थाहरूको पूँजी सानो भएको कारण संस्थाले आफ्नै कार्यालय भवन निर्माण गर्न सकिरहेको छैन। प्रायः धेरै सहकारी संस्थाहरूले घर भाडामा लिएर कार्यालय सञ्चालन गरिरहेको छ। कार्यालयमा संस्था सञ्चालनको लागि आवश्यक पर्ने फर्निचर, कम्प्युटर, सेफ, दराज, संचारका साधन आदि जस्ता सामग्रीहरूको समेत अभाव छ। हालसम्म यहाका सहकारीहरूले आधुनिक प्रविधि प्रयोग गरी दैनिक कार्य गर्न सकेका छैनन्।

**दक्ष जनशक्तिको कमी**

यस जिल्लाका प्राय सबै सहकारी संस्थाहरूमा विषयगत दक्षता हासिल गरेका सञ्चालक तथा कर्मचारीको पनि अभाव रहेको छ। विभिन्न परियोजना तथा सरकारी कार्यालयको अगुवाइमा स्थापना भएका सहकारी संस्थाहरूका केही सञ्चालकहरूले संस्था व्यवस्थापन सम्बन्धि तालिम प्राप्त गरेको भएता पनि सो तालिमको ज्ञान हस्तान्तरण हुन सकेको छैन। त्यसैगरी सानो पूँजी भएको कारण दक्ष कर्मचारी राखेर उचित पारिश्रमिक प्रदान गर्न नसक्नुको कारण संस्था सञ्चालनमा समस्या उत्पन्न भएको छ। कतिपय सहकारी संस्थाहरूमा आफ्नो कारोवारको व्यवस्थित लेखा राख्न समेत कठिनाइ भइरहेको छ। संस्थाले आफ्नो पूँजी खर्च गरेको कर्मचारी दक्षता क्षमता अभिबृद्धि गराउने खालको तालिम, अध्ययन अवलोकन भ्रमण समेत गराउन नसकेको स्थिति विद्यमान रहेको छ।

**सदस्यहरूको दोहोरोपन**

भोजपुर जिल्लाका कतिपय स्थानीय तहको एउटै वडामा थोरै थोरै पूँजी लिएर धेरैवटा सहकारीहरू दर्ता गरिएको छ जसको कारण एउटै व्यक्ति एक भन्दा बढि सहकारी संस्थाको सदस्य भएका छन्। यसरी एकभन्दा बढि सहकारी संस्थाहरूको सदस्यता लिने र निष्क्रिय रहने गरेकोले सहकारी संस्थामा निष्क्रिय सदस्यहरूको संख्या धेरै भइ संस्था सञ्चालन कठिनाइ उत्पन्न भएको छ। त्यसैगरी सहकारी संस्थाका सदस्यहरू अन्य लघुवित्त संस्थाहरूको समेत सदस्य हुने गरेकोले पनि ऋणको दुरुपयोग भइरहेको छ। उद्धेश्य अनुरुप लगानी नहुदा असुलीमा समेत कठिनाइ भएको स्थिति छ।

**सदस्यहरूमा सहकारी शिक्षा तथा व्यवसायिक ज्ञानको कमी**

सहकारी संस्थाका धेरैजसो सदस्यहरूलाई सहकारी के हो, सहकारी संस्थामा सदस्य भएपछि आफ्नो जिम्मेवारी के हो, सहकारी संस्थाबाट कसरी फाइदा लिन सकिन्छ आदि जस्ता कुराहरूको ज्ञान नै छैन । कतिपय सदस्यहरू संस्थामा एकपटक सदस्य बनेपछि निस्क्रिय रहने पनि गरेका छन् । सहकारी संस्थाबाट आफुले लिएको ऋणको व्यवसायिक क्षेत्रमा किन र कसरी लगानी गर्ने भन्ने समेत चेतना नहुदा सदस्य स्वयंलाई र संस्था सञ्चालनमा समेत समस्या उत्पन्न भइरहेको छ ।

**लेखापरीक्षकको अभाव**

भोजपुर जिल्लामा सहकारी संस्थाहरूले सामना गरीरहनु परेको एउटा अर्को समस्या हो दक्ष लेखापरीक्षकको कमी हुनु । यहाँ सहकारीको आधुनिक लेखा बुझेको लेखापरीक्षकहरूको अभाव छ । त्यसैले गर्दा सहकारी संस्थाहरूले समयमा लेखापरिक्षण गर्न सकिरहेका छैनन् । कतिपय संस्थाहरूले लेखापरिक्षणको लागि कारोबारको सम्पूर्ण खाता बाकेरे धरान र इटहरीका लेखापरीक्षकसँग गई लेखापरिक्षण सम्पन्न गरिरहेका छन् ।

**नीतिगत तहसँग सम्बन्धित समस्याहरू**

**योजना निर्माणमा स्थानीय सरकारले सहकारीहरूलाई प्राथमिकता नदिनु**

कुनै पनि देशको आर्थिक तथा सामाजिक विकासमा सहकारीको उल्लेख्य भूमिका रहेको पाइन्छ । त्यसैलाई मध्यनजर गर्दै नेपालको संविधान २०७४ ले देशको तीन खम्बे अर्थनीति अन्तर्गत सहकारीलाई एउटा खम्बाको रुपमा स्वीकारेको छ । सहकारी क्षेत्रको संरक्षण, सम्बद्र्धन, नियमन र अनुगमन गर्ने कार्य स्थानीय तहको जिम्मेवारी हो । भोजपुरका स्थानीय सरकारहरूले सो अनुरुप सहकारीलाई प्राथमिकता दिएको पाईदैन । अधिकांश स्थानीय तहले सहकारी ऐन पारित गरेतापनि नियमन, अनुगमन तथा विकासको आगि आवश्यक संरचना निर्माण र ब्यवस्थापन एवम्  बजेट प्रवाह गरेको पाईदैन ( ताम्राकार, २०७७ ) ।

**सहकारीसँग सम्बन्धित विज्ञताको कमी**

सहकारी संस्थाको प्रवद्र्धधन, नियमन तथा अनुगमन आदि सम्पूर्ण कार्य गर्ने जिम्मेवारी पाएको स्थानीय तहमा सहकारीको नीति नियम कार्यान्वियन गर्ने तथा सहकारी हेर्ने छुट्टै दक्ष कर्मचारी तथा फाँटको समेत व्यवस्था भएको देखिदैन । त्यसैगरी जनप्रतिनिधिहरूमा पनि सहकारीसँग सम्बन्धित ज्ञान तथा सहकारीको विकास गर्ने सकारात्मक इच्छा शक्तिको कमी रहेको देखिन्छ ।

**सहकारी संस्थाहरूको नियमन तथा अनुगमन हुन नसक्नु**

वि. सं. २०७४ साल आषाढ मसान्तसम्म भोजपुर जिल्लाका सहकारी संस्थाहरूको दर्ता, नियमन तथा अनुगमन लगायत सहकारीसँग सम्बन्धित सम्पूर्ण कार्यहरू डिभिजन सहकारी कार्यालय धनकुटाले गरिरहेको थियो । स्थानीय सरकारको गठन पश्चात सहकारी संस्थासँग सम्बन्धित सम्पूर्ण कार्यहरू संबिधानत स्थानीय सरकारको जिम्मेवारीको रुपमा आएको छ । तर स्थानीय सरकारले सहकारीको क्षेत्रमा गर्नुपर्ने  नियमन तथा अनुगमन जस्ता कार्यहरू कुनै कुनै स्थानीय तहले न्यून रुपमा मात्रै गरेको पाइएतापनि अधिकांश स्थानीय तहले हालसम्म गर्न सकिरहेको छैन ( श्रेष्ठ , २०७७ ) ।

**समस्या समाधानका उपायहरू**

भोजपुर जिल्लामा सहकारी संस्थाको स्थापनाले व्यक्तिहरूलाई सामूहिक भावनाको विकास गराएको छ । महिला तथा पिछडिएको लिङ्ग तथा वर्गको केही हदसम्म सीप तथा  क्षमताको विकास गराएको छ । बचत गर्ने बानीको विकास गराएको छ । आफ्नो गाह्रो खाँचो टार्न तथा व्यवसाय गर्न चर्को व्याजमा ऋण लिनु पर्ने बाध्यताको अन्त्य गराएको छ । यी सहकारीका उल्लेखनीय कार्यहरू हुदाहुदै पनि यहाँका सहकारी क्षेत्रले आन्तरिक तथा नीतिगत  केही समस्याहरू झेल्नु

परिरहेको छ । ती समस्याहरूलाई निराकरण गर्न निम्न लिखित उपायहरू कार्यान्वयन गर्न सकेमा सहकारीको संस्थागत विकासमा सहयोग पुग्ने देखिन्छ ।

**सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गर्ने**

सहकारी संस्थाका सदस्य हुनु भनेको सो संस्थाको मालिक हो । सदस्यहरूको सक्रिय सहभागिता विना संस्थाको दीर्घ जीवन परिकल्पना गर्न सकिदैन त्यसैले हरेक सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई सहकारीको अर्थ, सहकारीले गर्नसक्ने कामहरू, सहकारीबाट लिनसक्ने फाइदाहरू, सहकारीप्रति सदस्यहरूले गर्नुपर्ने कर्तव्यहरू, उद्यम व्यवसाय कसरी गर्ने आदिबारे सहकारी विज्ञहरू मार्फत प्रशिक्षण दिनु आवश्यक छ । जसले गर्दा सहकारी संस्थाप्रति सदस्यहरूको आकर्षण बढ्छ । आफु सदस्य रहेको संस्थामार्फत वित्तिय कारोवार बृद्धि गर्न सक्छन् । जसले गर्दा सामाजिक व्यवसाय समाजमा स्थापित भई संस्था मजबुत हुनुका साथै समग्र समाजको आर्थिक तथा सामाजिक सशक्तीकरणमा योगदान पुग्नेछ ।

**पूर्वाधारको व्यवस्थापन गर्ने**

सहकारी संस्थाको व्यवस्थित कार्यालय तथा कार्यालयको लागि आवश्यक सामग्रीहरू जस्तो खाताहरू, फर्निचर, कम्प्युटर तथा आधुनिक प्रविधि आदिको व्यवस्थापन गर्नु आवश्यक छ जसले गर्दा संस्थामा छिटो छरितो तथा सहज ढङ्गले काम गर्न सजिलो हुन्छ ।

**सञ्चालक तथा कर्मचारीहरूलाई व्यवस्थापकीय तालिम तथा अध्ययन भ्रमणको आयोजना गर्ने**

सहकारी संस्थाका सञ्चालक सदस्य तथा कर्मचारी व्यपस्थापकीय क्षमता अभिबृद्धि हुने गरी विभिन्न प्रकारका तालिम तथा अध्ययन अवलोकन भ्रमणको आयोजना गर्नु आवश्यक छ । स्थानीय सरकार तथा जिल्ला स्थित संघ संस्थाको समन्वयमा यस्ता कार्यक्रमहरू आयोजना गर्नु आवश्यक छ ।

**सहकारी संस्थाहरूलाई एकीकरण (मर्ज) गर्दै जाने**

हाल जिल्लाका विभिन्न स्थानीय तहहरूमा सानो सानो पूँजी, सीमित कार्यक्षेत्र तथा सदस्यहरू लिएर दर्ता गरिएका धेरैवटा संस्थाहरू छन् । यी संस्थाहरू कुनै क्रियाशील छन् भने कुनै निश्क्रिय पनि भएका छन् । दक्ष कर्मचारी तथा आधुनिक प्रविधि सहितको व्यवस्थित कार्यालय स्थापना गरी कार्यक्षेत्रभित्रका अधिकांश व्यक्तिहरूलाई समेटेर सरल तरिकाले छिटो छरितो सेवा प्रदान गर्नु अबको आवश्यकता देखिएको छ जसको लागि कार्यप्रकृति, भौगोलिक अवस्थिति, आदि मिल्ने संस्थाहरूलाई एकिकरण गर्नु जरुरी देखिएको छ सो कार्यको लागि स्थानीय सरकारले आवश्यक पहलकदमी लिनुपर्दछ (ताम्राकार , २०७७ ) ।

**विज्ञहरूमार्फत स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गर्ने**

जिल्लाका हरेक स्थानीय सरकारहरूले आर्थिक तथा सामाजिक विकासको प्रमुख आधार स्तम्भका रुपमा सहकारीलाई लिनु आवश्यक छ । स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूले सहकारी कस्तो संस्था हो , समुदायलाई सहकारीको किन आवश्यकता छ , सहकारी मार्फत कसरी विकास गर्न सकिन्छ, सहकारी संस्थालाई कसरी व्यवस्थित गर्ने र सो मार्फत आफ्नो क्षेत्रमा कसरी समृद्धि ल्याउने भन्ने बारेमा विज्ञहरूसँग छलफल तथा प्रशिक्षण लिनु आवश्यक छ ( श्रेष्ठ, २०७७ ) ।

**स्थानीय योजनामा सहकारीलाई प्राथमिकतामा राख्ने**

स्थानीय योजना तर्जुमा गर्दा सहकारी संघ संस्थाका प्रतिनिधिहरू समेतको सहभागिता गराउनु पर्दछ । सहकारी क्षेत्रको विकासका लागि कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट छुट्टाउनु आवश्यक छ । यस्तो बजेट सहकारी संस्थाको कर्मचारी तथा सञ्चालक सदस्यहरूको क्षमता अभिबृद्धिर्, तालिम तथा अध्ययन अवलोकन भ्रमण, कार्यालय व्यवस्थापन, व्यवसायिक कार्यमा अनुदान एवम् सहुलियत व्याजदरमा ऋण दिने लगायतका कार्यहरूमा लगानी गर्नुपर्दछ जसले गर्दा सहकारी संस्थाको संस्थागत क्षमता अभिबृद्धि भइ सामाजिक आर्थिक विकासमा सहयोग पुग्नुका साथै स्थानीय सरकारको आन्तरिक स्रोतमा समेत बृद्धि हुनेछ ।

**विद्यालयस्तरमा सहकारी शिक्षा प्रदान गर्ने**

सहकारी अवधारणलाई जनमानसमा व्यापकता दिन विद्यालय शिक्षादेखि नै सचेतना जगाउनुपर्दछ । यसको लागि न्यूनतम रुपमा माध्यमिक तहदेखि नै सहकारी विषय समावेश गरिनुपर्छ ( ताम्राकार, २०७७ ) । यसरी विद्यालय तहदेखि नै सहकारी शिक्षा प्रदान गर्न सकेमा भविष्यका सन्ततिहरूले समेत सहकारी विकासमा योगदान पुऱ्याइ दिगो विकास अवधारणालाई साकार पार्न सक्नेछन् ।

**निष्कर्ष**

समुदायका विभिन्न वर्ग, जातजाति, लिङ्ग, भाषाभाषी आदि सम्पूर्णलाई विना भेदभाव सँगठित गराउने संस्था नै सहकारी हो । सदस्यहरूको आर्थिक सहभागिता तथा व्यवस्थापनमा सञ्चालन गरिने यस्ता सहकारी संस्थाले समुदायमा विभिन्न व्यक्तिहरूका वित्तिय आवश्यकता परिपूर्ति तथा व्यवसायिक क्षमतामा अभिबृद्धि गरेको छ । वचत गर्ने चेतना तथा वानीको विकास भई पूजी निर्माणमा सहयोग पुगेको छ । समाजमा पछाडि पारिएका गरिब, महिला आदि वर्गहरू समाजको महत्त्वपूर्ण पद सम्हाल्न सक्षम भएका छन् । निर्णय गर्ने, योजना बनाई कार्यान्वयन गर्ने, आदि क्रियाकलापहरूमा संलग्नता बढेको छ । आय आर्जनका विभिन्न क्रियाकलापहरू सञ्चालन गरी स्वरोजगार बृद्धि भइरहेको छ । यसलाई अझ बृद्धि गरी समाजमा सहकारीप्रतिको दृष्टिकोणमा सकारात्मक धारण ल्याउन सकेमा सिङ्गो समाजको रुपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने निश्चित छ । उपरोक्त कार्यको लागि स्थानीय सरकारले आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**


अर्याल, भोजेन्द्र (२०६६), सहकारी तथा लैगिंक विकास, ज्ञानकुञ्ज प्रकाशन काठमाडौं ।

उदास, लक्ष्मण (२०७२), भोजपुर टक्सार अतितदेखि वर्तमानसम्म, खिकामाछा टक्सार द्विशतबार्षिक महोत्सव स्मारिका २०७२, द्विशतबार्षिक टक्सार महोत्सव आयोजक समिति टक्सार, भोजपुर ।

कोईराला, प्रभा ( २०७४ ), सहकारी मार्फत महिला र सशक्तीकरण, स्मारिका २०७४, राष्ट्रिय सहकारी बैंक लिमिटेड कुपण्डोल, ललितपुर ।

ढकाल लेखनाथ, शिवाकोटी असोक (२०६४), आधुनिकीकरण र सहकारिता , प्रशान्ति प्रकाशन काठमाडौ ।

ताम्राकार, भरत (२०७७) , भोजपुरमा सहकारीको विकास, समस्या र समाधानका उपायहरू, श्रावण २, २०७७ ।

नेपाल, डा. पशुपति ( २०६८), सहकारी सिद्धान्त र व्यवहार , पैरवी प्रकाशन काठमाडौं ।

नेपालमा सहकारी संघ/संस्थाहरूको तथ्याङ्क (२०७४ आषाढ मसान्तसम्मको) , नेपाल सरकार सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभाग काठमाडौं

प्रधान, सम्झना (२०७४), समुदायको सशक्तीकरणमा सहकारी : भोजपुर जिल्लाको एक अध्ययन, पृष्ठ १०१ , सहयात्रा नेपाल, भोजपुर ।